**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २७ मई २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले राष्ट्रको प्रगतिको लागि पूर्वोत्तर क्षेत्रको विकास महत्वपूर्ण रहेको बताउनु भएको छ।

- केन्द्रीय अनुसन्धान ब्यूरो सीबीआई ले आज नीट यूजी -२०२६ पेपर लीक प्रकरणको सम्बन्धमा थप तीन जनालाई पक्राउ गरेको छ।

- वर्ष 2019 को लोकसभा चुनाउपछि पश्चिम बङ्गालको सन्देशखालीमा भएको राजनीतिक हिंसा तथा तीन जना भाजपा कार्यकर्ताहरूको हत्या भएको मामिलामा केन्द्रिय अन्वेषण ब्यूरोले दश जना मानिसहरूलाई पक्राउ गरेको छ।

- पश्चिम बंगालको बारासातबाट लोकसभामा निर्वाचित तृणमूल कांग्रेस सांसद काकोली घोष दस्तिदारले पार्टीका सबै संगठनात्मक पदबाट राजीनामा दिनुभएको छ।

- पश्चिम बंगालका धेरै जिल्लाहरुमा अहिले भीषण गर्मी र आर्द्रता महसुस भइरहेको छ भने उत्तर बंगालका उप-हिमालयन जिल्लाहरूमा वर्षा भइ रहेको छ।

**राष्ट्रपति भ्रमण**

राष्ट्रपति द्रौपदी मुर्मुले राष्ट्रको प्रगतिको लागि पूर्वोत्तर क्षेत्रको विकास महत्वपूर्ण रहेको बताउनु भएको छ। आज गान्तोकमा सिक्किम विश्वविद्यालयको दीक्षान्त समारोहलाई सम्बोधन गर्नु हुँदै उहाँ ले शिक्षालाई सशक्तिकरणको मार्गको रूपमा वर्णन गर्नु भयो र विद्यार्थीहरूलाई आफ्नो विचार, नवप्रवर्तन र पारस्परिक विश्वासको माध्यमबाट राष्ट्र निर्माणमा सक्रिय भूमिका खेल्न आग्रह गर्नु भयो। राष्ट्रपतिले समाजका कमजोर वर्गको उत्थानमा विशेष योगदान दिन पनि आह्वान गर्नु भयो।

**Byte**

यसअघि, राष्ट्रपतिले गान्तोकमा महिलाहरूलाई समर्पित 'पिंक सिटी रनर' - 'आमा दिदी बाहिनी' बस सेवालाई झण्डा देखाएर शुभारम्भ गर्नु भयो।

**सीबीआई-नीट यूजी**

केन्द्रीय अनुसन्धान ब्यूरो सीबीआई ले आज नीट यूजी -२०२६ पेपर लीक प्रकरणको सम्बन्धमा थप तीन जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा महाराष्ट्रको लातूरका एक डाक्टर र पुणेस्थित एक कोचिङ इन्स्टिट्यूटका एक शिक्षक छन्। अनुसन्धान एजेन्सीले पुणेस्थित अर्को कोचिङ इन्स्टिट्यूटका भौतिकशास्त्र शिक्षकलाई पनि पक्राउ गरेको छ। यस मुद्दामा हालसम्म १३ जनालाई पक्राउ गरिएको छ। ब्यूरोका प्रवक्ताले भन्नु भयो अनुसन्धान एजेन्सीले यस मुद्दाको सम्बन्धमा हालसम्म ४९ स्थानमा छापा मारेको छ, धेरै आपराधिक कागजातहरू, ल्यापटपहरू र मोबाइल फोनहरू बरामद गरेको छ।

**मंत्रिमंडल**

मंत्रिमंडलको आर्थिक मामिला समितिले आज सार्वजनिक वितरण प्रणाली अन्तर्गत राशन, परिवहन र प्रबंधन सहायता योजना, सार्थक-पीडीएसलाई जारी राख्न अनुमोदन गरेको छ।यसका लागि केन्द्र सरकारले 25 हजार 530 करोड़ रुपियाँ आवंटन गरेको छ। नयाँ दिल्लीमा मिडियालाई जानकारी दिँदै सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नुभयो यो योजना राज्य एजेंसिहरुलाई अंतरराज्यीय खाद्यान्न परिवहनमा सहायता प्रदान गर्नेछ, उचित मूल्य दोकानहरूलाई मदद गर्नेछ र सार्वजनिक वितरण प्रणालीलाई आधुनिकीकरण गर्नमा मद्दत गर्नेछ। गृहमन्त्री अमित शाहले सार्थक-पीडीएस योजनाको दोस्रो चरणको लागि केन्द्रीय मन्त्रिमण्डलले 25 हजार पांच सय करोड़ रुपियाँ भन्दा बढीको स्वीकृति दिएकोमा स्वागत गर्नु भएको छ। सामाजिक सञ्जालमा एक पोस्टमा, श्री शाहले सरकारले गरिबी निवारण योजनाहरूलाई अझ पारदर्शी र सुविधाजनक बनाउन प्रविधिलाई एकीकृत गरिरहेको बताउनु भएको छ।

**ममता ब्यानर्जी विरुद्ध उजुरी दर्ता**

पश्चिम बंगालकी पूर्व मुख्यमन्त्री तथा तृणमूल कांग्रेस प्रमुख ममता ब्यानर्जी विरुद्ध सिलगढ़ी साइबर पुलिस थानामा उजुरी दर्ता गरिएको छ। अधिवक्ता रिंकी च्याटर्जीद्वारा दायर गरिएको उजुरीमा 2025 मा कोलकाताको रेड रोडमा आयोजित ईद उत्सवको क्रममा सुश्री ब्यानर्जीले हिन्दुत्व र हिन्दु समुदायको बारेमा अपमानजनक टिप्पणी गरेको आरोप लगाइएको छ। यसबाहेक 2026 को विधानसभा चुनाउअघि विरोध मञ्चबाट हिन्दुहरू विरुद्ध विवादास्पद बयान दिएको उहाँमाथि आरोप छ। उजुरीकर्ताले उहाँले पहिला प्रधान नगर थानामा लिखित उजुरी दर्ता गर्ने प्रयास गरेको तर पुलिसले त्यसलाई अस्वीकार गरेको दाबी गरेकी छन्। भारतीय जनता पार्टी (भाजपा) ले यस विषयमा ममता ब्यानर्जीलाई लक्षित गर्दै यसलाई धार्मिक भावनासँग जोड़िएको गम्भीर मुद्दा भनेको छ। यद्यपि, यस विषयमा तृणमूल कांग्रेसबाट कुनै आधिकारिक प्रतिक्रिया आएको छैन। पुलिसले उजुरीको आधारमा यस विषयमा अनुसन्धान शुरु गरेको छ। आगामी दिनहरूमा यस विषयमा राजनीतिक र कानूनी गतिविधि तीव्र हुने अपेक्षा गरिएको छ।

**सर्वोच्च न्यायालय – एसआईआर फैसला**

सर्वोच्च न्यायालयले आज निर्वाचन आयोगद्वारा गराईको मतदाता सूचिको विशेष गहन पुनरीक्षण-एसआईआर प्रक्रियाको वैधतालाई यथावत राखेको छ।सर्वोच्च न्यायालयले भनेको छ एसआईआर प्रक्रियाले स्वतन्त्र र निष्पक्ष चुनावको संवैधानिक अनिवार्यतालाई अगाडि बढाउँदछ।सर्वोच्च न्यायालयलेआफ्नो फैसलामा निर्वाचन आयोगले लोक प्रतिनिधित्व अधिनियम, 1950 को अनुच्छेद 324 र उसको अधीन निर्मित नियम अन्तर्गत एसआईआर गराउने शक्ति राख्दछ भनेको छ।

**सन्देशखाली पक्राउ**

वर्ष 2019 को लोकसभा चुनाउपछि पश्चिम बङ्गालको सन्देशखालीमा भएको राजनीतिक हिंसा तथा तीन जना भाजपा कार्यकर्ताहरूको हत्या भएको मामिलामा केन्द्रिय अन्वेषण ब्यूरोले सन्देशखालीका कुख्यात शाहजहाँ शेखका निकटवर्ती कादेर मोल्ला सहित दश जना मानिसहरूलाई पक्राउ गरेको छ।

***सीबीआई सूत्र अनुसार लामो समयदेखिकै जुटाइएको प्रमाण, साक्षीहरूको बयान तथा स्थानीय स्तरमा प्राप्त सूचनाहरूको आधारमा यो पक्राउ गरिएको हो। पक्रा पर्ने आरोपीहरूसित सोधपूछ गरी मामिलासित सम्बन्धित थप जानकारी जुटाउने चेष्टा गरिँदैछ। यो मामिला 8 जून, 2019- को हो। आरोप छ कि लोकसभा चुनाउपछि नजाट थाना क्षेत्रमा राजनीतिक झड़प भएको थियो। त्यसै अवधि तीन भाजपा कार्यकर्ताहरूलाई हत्या गरिएको थियो।***

***घटनाको शुरुआती जाँच राज्यको सीआईडीले गरेको थियो। पछि दर्ता चार्जशीटबाट आरोपी शेख शाहजहाँसहित 28 जना मानिसहरूको नाम हटाइएको थियो। त्यसपछि मृत भाजपा कार्यकर्ताहरूका परिवारहरूले***

***कलकत्ता उच्च न्यायालयमा याचिका दर्ता गरी सीबीआई जाँच गराउने माग गरेका थिए। उच्च अदालतको निर्देशपछि केन्द्रिय एजेन्सीले मामिलाको जाँचलाई आफ्नो हातमा लिएको थियो।***

## काकोली घोष दस्तिदार राजिनामा

पश्चिम बंगालको बारासातबाट लोकसभामा निर्वाचित तृणमूल कांग्रेस सांसद काकोली घोष दस्तिदारले पार्टीका सबै संगठनात्मक पदबाट राजीनामा दिनुभएको छ। उहाँले प्रदेश अध्यक्ष सुब्रत बक्सीलाई पत्र लेख्दै तृणमूल महिला कांग्रेसको चेयरपर्सनसहित सबै जिम्मेवारीबाट मुक्त गरिदिन अनुरोध गर्नुभएको छ। श्री बक्सीलाई लेखेको पत्रमा उहाँले राशन घोटाला, शिक्षक भर्ती भ्रष्टाचार, प्रशासनिक अनियमितता तथा आरजी कर मेडिकल कलेज प्रकरणप्रति गम्भीर चिन्ता व्यक्त गर्नुभएको छ। 2024 मा महिला चिकित्सकमाथि भएको दुष्कर्म र हत्याको घटनाले आफूलाई व्यक्तिगत रूपमा पनि गहिरो असर पारेको उहाँले उल्लेख गर्नुभएको छ। तृणमूल सांसदले नाम नलिई सांसद कल्याण बनर्जीको "असभ्य र अभद्र" व्यवहारप्रति पनि असन्तोष जनाउनु भएको छ। साथै, पार्टीको रणनीतिकार संस्था आई–प्याकको बढ्दो प्रभावलाई पनि उहाँले अपारदर्शी र अलोकतान्त्रिक भन्दै प्रश्न उठाउनुभएको छ। उहाँले आफ्नो निर्णय व्यक्तिगत असन्तोषका कारण नभई नैतिक जिम्मेवारीका कारण भएको स्पष्ट पार्दै अब सामान्य कार्यकर्ताका रूपमा पार्टीमा काम गर्ने बताउनुभएको छ। हालै तृणमूलले उहाँलाई संसदीय दलको मुख्य सचेतक पदबाट हटाएर उक्त जिम्मेवारी पुनः कल्याण बनर्जीलाई दिएको थियो। यसैबीच, शुभेन्दु अधिकारीको प्रशासनिक बैठकमा काकोली घोष दस्तिदार सहभागी भएपछि राजनीतिक वृत्तमा नयाँ चर्चा सुरु भएको छ।

## राजगञ्ज होल्डिङ सेन्टर

पश्चिम बंगालमा अवैध बङ्गलादेशी अनुप्रवेशकारी तथा शंकास्पद विदेशी नागरिकविरुद्ध प्रशासनले निगरानी कडा बनाएको छ। यसै क्रममा राज्यका विभिन्न जिल्लासँगै जलपाईगुडी जिल्लाको राजगञ्ज ब्लकअन्तर्गत फाटापुकुरमा पनि एक "होल्डिङ सेन्टर" निर्माण गरिँदैछ। प्रशासनिक सुत्र अनुसार, यस केन्द्रमा अवैध रूपमा बसोबास गरिरहेका शंकास्पद विदेशी नागरिक तथा रोहिंग्या समुदायका मानिसहरूलाई अस्थायी रूपमा राखिनेछ। त्यसपछि कानुनी प्रक्रिया पूरा गरी उनीहरूलाई आफ्नै देश फर्काउने अर्थात् डिपोर्ट गर्ने प्रक्रिया अघि बढाइनेछ। प्रशासनले सुरक्षा व्यवस्थालाई ध्यानमा राख्दै केन्द्रमा निगरानी तथा प्रशासनिक व्यवस्था थप मजबुत बनाइने जनाएको छ।

## बंगलादेशी अवैध अनुप्रवेशकारी

पश्चिम बंगाल सरकारले कथित अवैध बङ्गलादेशी अनुप्रवेशकारीविरुद्ध "डिटेक्ट–डिलिट–डिपोर्ट" नीति लागू गरेपछि उत्तर 24 परगना जिल्लाको बसिरहाट महकुमाअन्तर्गत स्वरूपनगरस्थित हकीमपुर चेकपोस्टमा मानिसहरूको भीड बढ्न थालेको छ।

***हिजो अघि मुख्यमन्त्री शुभेन्दु अधिकारीले अवैध अनुप्रवेशकारी पक्राउ परेमा उनीहरूलाई गिरफ्तार नगरी होल्डिङ सेन्टरमा राखेर बीएसएफलाई सुम्पिने तथा त्यसपछि डिपोर्ट प्रक्रिया अघि बढाइने घोषणा गर्नु भएको थियो। मुख्यमन्त्रीको बयान पछि सयौं मानिस बंगलादेश फर्किने आशामा सीमा क्षेत्रमा पुगेका छन्। प्रशासनले चारघाट र मेडिया क्षेत्रमा अस्थायी शिविर स्थापना गरी उनीहरूको परिचय तथा कागजात जाँच गरिरहेको छ। हालसम्म कसैलाई पनि सीमा पार गर्न अनुमति दिइएको छैन। पुलिसले धेरै व्यक्तिहरू बंगलादेशी नागरिक भएको दाबी गर्दै भारतीय परिचयपत्रसहित आएको जनाएको छ। सबै कागजातको सत्यापनपछि मात्र उनीहरूलाई बांग्लादेश बॉर्डर गार्ड्सको जिम्मा लगाइने बताइएको छ। सीमा क्षेत्रमा पुगेकामध्ये धेरै परिवार वर्षौंअघि अवैध रूपमा भारत प्रवेश गरेका थिए। उनीले दलालमार्फत भारत आएको र प्रति व्यक्ति 7 हजार रुपियाँ तिरेको बताएका छन्। सरकारीको कडा निर्देश पछि अब बंगलादेश फर्किने निर्णय गरेको उहाँले बताएका छन्। यसैबीच, अशोकनगर–हाबरा क्षेत्रबाट पक्राउ परेका 54 जना अवैध अनुप्रवेशकारीलाई मेडिया शिविरमा राखिएको छ। उनीहरूमाथि सोधपुछ तथा कागजात जाँच जारी छ। सीमा क्षेत्रमा अतिरिक्त सुरक्षा बल तैनाथ गरिएको छ।***

**ईडी-निर्माण कम्पनी**

प्रवर्तन निदेशालयले (ईडी) जमीन मालिकहरूबाट जमीन लिएर ठग गरेको आरोपमा कोलकाताको एक निर्माण कम्पनीविरुद्ध अनुसन्धान तीव्र बनाइएको छ। यस प्रकरणमा प्रवर्तन निदेशालय (ईडी) को नोटिसपछि कम्पनी प्रमुख मेनका सिंह आज केन्द्रीय अनुसन्धान एजेन्सीको कार्यालयमा उपस्थित हुनुभएको थियो। भवानीपुरका 81 वर्षीय प्रबीर मुखर्जीले दिएको उजुरीपछि अनुसन्धानले गति लिएको हो। श्री मुखर्जीले सोमबार शुभेन्दु अधिकारीको "जनता दरबार" मा पुगेर सहयोगको माग गर्नुभएको थियो। उहाँले आफ्नो पुर्ख्यौली जमीन प्रमोटर समूहलाई दिए पनि वाचा गरिएको फ्ल्याट नपाएको तथा अहिले भाडाको घरमा बस्न बाध्य भएको आरोप लगाउनुभएको छ। ईडी अधिकारीहरू हिज घटनास्थलमा पुगेर सम्बन्धित कागजातहरूको पनि जाँच गरेका थिए। यसैबीच, उहाँले प्रोमोटरले फ्ल्याट दिलाइदिने भन्दै 17 लाख रुपियाँ मागेको आरोप पनि लगाउनुभएको छ।

**सुरक्षित शैशव परियोजना**

मगरजोङ चियाबारी स्थित  इन्दिरा ओझा उच्चतर माध्यमिक विद्यालयका  प्रधानाध्यापक विकाश शर्माको अध्यक्षतामा यहाँका पाँचौं कक्षादेखि बाह्रौं कक्षा सम्मका विद्यार्थी नानीहरूलाई लिएर आज "सुरक्षित शैशव परियोजना' जनचेतनामुलक कार्यक्रम सम्पन्न गरिएको छ। अनुज्ञालयको विशेष तत्वाधानमा आयोजित यस कार्यक्रममा काउन्सिलर स्कूल हेल्थ सुके पोखरी ( बीपीएचसी)का प्रिया ठकुरी, चाल्ड प्रोटेक्शन अन् वरकर अनुज्ञालयका रकचन्दा मुखिया, चाल्ड प्रोटेक्शन वरकर अनुज्ञालयका तीटेश गिरीको विशेष उपस्थिति रहेको थियो।

**पश्चिम बंगाल गर्मी तापमान 43 डिग्री**

पश्चिम बंगालभरि अहिले भीषण गर्मी र आर्द्रता महसुस भइरहेको छ। राज्यका अधिकांश भागहरूमा अधिकतम तापमान 38 देखि 43 डिग्री सेल्सियसको बीचमा छ, जसले सामान्य जनजीवन प्रभावित भै रहेको छ। पश्चिम मेदिनीपुर र खड़गपुर क्षेत्रहरूमा गर्मी सबैभन्दा अधिक छ, तापमान  40 देखि 41 डिग्री सेल्सियससम्म पुगेको छ, जबकि बढ्दो आर्द्रताले तापक्रम 43 देखि 45 डिग्री सेल्सियससम्म पुऱ्याएको छ। मौसम मुख्यतः सफा र आंशिक रुपमा  बादल लागेको छ यद्धपि  मेघ गर्जनसहित हल्का बर्षा हुने सम्भावना बनेको छ । यसैबीच, उत्तर बंगालका उप-हिमालयन जिल्लाहरूमा वर्षा भइ रहेको छ। दार्जिलिङ र जलपाईगुडी लगायतका क्षेत्रहरूमा बेलाबेलामा आँधीबेहरी चलिरहेको छ, जसले गर्दा तापमान  घटेको छ। मौसम विभागका अनुसार आगामी दिनहरूमा दक्षिण बंगालमा गर्मीबाट राहत पाउने सम्भावना कम छ , जबकि उत्तर बंगालमा आंशिक वर्षा जारी रहने सम्भावना छ।

**********